# मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान
# Madan Bhandari Academy of Health Sciences

(मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७६ अन्तर्गत स्थापित)

बागमती प्रदेश, हेटौंडा

पत्र संख्या :- ..........................................को कार्यालय

चलानी नं. :-

सुचना नं. ८०

## मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान, हेटौंडाको

### वन पैदाबार बोलपत्रद्धारा लिलाम बिक्रिको सूचना

प्रथम पटक सूचना प्रकाशन मितिः २०८२/१२/१६

यस मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानको हेटौडा १० टि.सि. एन. मा निर्माणाधीन वेसिक साइन्स भवन र सो हाता भित्र निर्माण हुने प्रिफ्याब भवन परिसरभित्र रहेका जोखिम युक्त मसलाका रुखहरू कटान सम्पन्न भएको र प्राप्त गोलिया थान १९६ को ७५६.३७ क्यू.फि. काठ तथा १.५ (२०'•५'•५') चट्टा दाउरा घाटगद्दीमा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी लिलाम बिक्रि गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम काठ, दाउरालाई कच्चा पदार्थको रूपमा प्रयोग गर्ने गरी दर्ता भई सूचीकृत र अद्यावधिक भएका इच्छुक उद्योगले यो सूचना सम्वृद्ध समाज राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र खरिद गरी २२ औं दिनको १२:०० वजे भित्र दाखिला गर्न आव्हान गरिन्छ ।

**तपसिल**

१) लिलाम गर्नुपर्ने काठको विवरणः

| क्र.सं. | जात | किसिम | गो. थान/चट्टा | परिमाण क्यूफिट | दररेट प्रति क्यु. फिट/ चट्टा | न्यूनतम मूल्य रु. | घाटगद्दीस्थान | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | मसला | गोलिया | १९६ | ७५६.३७ | १२५ | ९४५४६.२५/- | हेटौडा १० टि.सि.एन चौर | |
| २ | मसला | दाउरा | १.५० | | ४००० | ६०००/- | | |
| जम्मा | | | | | | १००५४६.२५/- | | |

२) बोलपत्र खरिद र दाखिला गर्नुपर्ने अन्तिम मिति र समयः

क) बोलपत्र खरिद गर्ने अन्तिम मिति २०८३/०१/०६ गते, समयः दिनको ५:०० बजेसम्म ।

ख) बोलपत्र दाखिला गर्ने अन्तिम मिति २०८३/०१/०७ गते, समयः दिनको १२:०० बजेसम्म।

ग) बोलपत्र खरिद तथा दाखिला गर्ने दिन बिदा परे सो को भोलीपल्ट खरिद तथा दाखिला गर्न सकिनेछ।

३) बोलपत्र मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानको केन्द्रिय कार्यालय, (अस्पताल परिसरको नयाँ भवन) बाट खरिद र दाखिला गर्न सकिनेछ ।

४) बोलपत्र साथ कबोल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम राष्ट्रिय वाणिज्य बैंक लि. शाखा कार्यालय हेटौंडामा रहेको मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानको धरौटी खाता नं. १३००१००२०२०३०००० मा जम्मा गरेको सक्कलै भौचर वा 'क' वर्गको वाणिज्य बैंकको ६ (छ) महिनाको बैंक ग्यारेन्टी समावेश हुनुपर्नेछ ।

५) बोलपत्र फारम दस्तुर प्रति लटको रु.१,०००।- (पछि फिर्ता नहुने गरी) राष्ट्रिय वाणिज्य बैंक लि. शाखा कार्यालय हेटौंडामा रहेको मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान खाता न. १०००१००२०००१०००० (कार्यालय कोड ३७००५३२०१३), राजश्व शीर्षक नम्बर १४२२९ मा अन्य प्रशासनिक दस्तुर शीर्षक उल्लेख गरी जम्मा गरेको सक्कलै भौचर पेश गरी यस कार्यालय बाट खरिद गर्न सकिनेछ ।

६) बोलपत्रद्धारा लिलाम हुने वन पैदावार (काठ दाउरा) कार्यालय खुलेको समयमा माथि उल्लेखित काठ रहेको घाटगद्दी स्थलमा गई हेर्न सकिनेछ।

७) लिलाममा भाग लिन प्रचलित कानून बमोजिम काठ, दाउरालाई कच्चा पदार्थको रूपमा प्रयोग गर्ने गरी दर्ता भएका उद्योगले नवीकरण भएको उद्योग दर्ता प्रमाण-पत्रको प्रतिलिपी, उद्योग सूचीकृत र अद्यावधिक भएको प्रमाणपत्रको प्रतिलिपी, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, आ.व.२०८१/०८२ को कर चुक्ता भएको प्रमाण पत्रको प्रतिलिपी, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपि वा स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपि बोलपत्रसाथ पेश गर्नुपर्नेछ।

८) निर्धारित गरिएको न्यूनतम संख्याका र रीतपूर्वक पर्न आएका बोलपत्रहरू मिति २०८३/०१/०७ गते दिनको २:०० बजे साक्षीहरूको रोहवरमा खोलिनेछ । सो दिन सार्वजनिक विदा परे कार्यालय खुल्ने पहिलो दिन खोलिनेछ।

९) लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको ४५(पैतालिस) दिन भित्र सकार गरेको रकम तथा निर्धारित मूल्य अभिवृद्धि कर र कटान मुछान खर्च समेत छुट्टै बुझाई लिलाममा चढाएको वन पैदावार तोकिएको अवधि भित्र उठाई लैजानुपर्नेछ ।

१०) बोलपत्रमा सकार गरिएको रकम अंक र अक्षर दुबैमा लेख्नुपर्नेछ । अंक र अक्षर फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

११) बोलपत्र सदर वा बदर गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहने छ ।

..........................................

(भिम सागर गुरागाईं)

रजिष्ट्रार